# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज ७ गते २०३१ साल

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले गौर अस्पतालको विस्तारको निमित्त नारायणी अञ्चल, रौतहट जिल्ला, गौर गाउँ पंचायत वडा नं. ७ अन्तर्गत पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कि.नं. १८५, पश्चिम कि.नं. १६५, उत्तर झाँझ सिचाइ सब डिभिजन, दक्षिण गौर अस्पतालबाट चौक जाने सडक यति ४ किल्लाभित्र कि.नं. १६४ को क्षेत्रफल ०–३–० तीन कट्ठामध्ये पश्चिमतर्फको मालपोत रू. ४।६८ (चार रूपैयाँ अन्ठाअब्बे पैसा) लाग्ने जग्गा ०–१–१९ ( एक कट्ठा उन्नाईस धुर ) को कित्ता – – – १

आज्ञाले–

हरिहरजङ्ग थापा

श्री ५ को सरकारको सचिव



४६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।